"सुख शीतल करु संसार, प्रेम सद्भाव सेवा यसका आधार"
श्री कृष्णायनमः
श्री मन्निजानन्दो विजयते

# श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल
## केन्द्रीय समिति

जि.प्र.का.काठमाण्डौ द.नं.: ९/०२३
स.क.प.द.नं.३०२/०४७/०४८
पान नं. ३०१७४६४७६
कागेश्वरी मनोहरा न.पा.८
श्री नवतनधाम, काठमाडौं
फोन नं.: ०१. ५१४८२२२

च.नं.:-२७९/२०८०/०८१ मितिः २०८१।०३।१६

श्री अध्यक्षज्यू, जिल्ला समिति सबै,
श्री अध्यक्षज्यू मन्दिर/सत्संग इकाई तथा सदस्य संस्था सबै,
श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल ।

विषय : साधारणसभा गर्ने, विवरण पठाउने तथा केन्द्रीय महाधिवेशनमा भाग लिन आउने बारे ।

प्रस्तुत विषयमा श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विधान २०२३ (आठौं संशोधन-२०८० समेत) को दफा १३(३) तथा सेवा समितिको नियमावली-२०८० ले ब्यवस्था गरे बमोजिम मन्दिर/इकाईको साधारणसभा श्रावण १ देखि भाद्र १५ गते भित्र तथा जिल्ला सभा भाद्र मसान्त भित्र र केन्द्रीय साधारणसभा आश्विन भित्र गरि सक्नु पर्ने व्यहोरा बिदितै छ । यस वर्ष इकाई समिति, जिल्ला समिति तथा केन्द्रीय समितिको साधारण सभा (अधिवेशन) वाट सबै तहमा नयां कार्य समिति गठन गर्नु पर्ने कानुनी ब्यवस्था रहेको साथै केन्द्रीय समितिको मिति २०८०।०३।०८ गते धर्मधाम चितवनमा बसेको १५वौं पूर्ण बैठकको निर्णय अनुसार त्यस क्षेत्रका उपाध्यक्षको संयोजकत्वमा प्रत्येक प्रदेशमा छुट्टा छुट्टै केन्द्रीय सदस्यहरुको टोलिलाई तहां जिल्ला तथा इकाईसंग सहजिकरण गरि विवरण संकलन गर्ने जिम्मेवारी दिई पठाइएको ब्यहोरा सहर्ष जानकारी गराउदँछु ।

उक्त टोलीसंग जिल्ला मार्फत र जिल्ला समिति नभएका स्थानमा सिधै केन्द्रीय उपाध्यक्ष मार्फत समन्वय गरी त्यस जिल्ला तथा इकाईहरुले यस बर्ष अधिवेशन बर्ष भएकोले २०८१ श्रावण १ गते देखी भाद्र १५ गते भित्र आफना इकाईका सदस्यहरुको सदस्यता नविकरण तथा अभिलेख अध्याबधिक गरी साधारणसभा गर्ने गराउने, नयां कार्य समिति गठन गर्ने, २०८१ असार मसान्तसम्मको प्राप्ति भुक्तानी विवरण तयार गरी असार महिनाको बैंक मौज्दात देखिने स्टेटमेन्टको फोटोकपि र २०८०।०८१ को प्रगति प्रतिवेदन तयार गर्नु हुनेछ । यस अगाडि यस बर्ष साधारणसभा गरी नयां कार्य समिति गठन गरेको भएपनि अव हुने साधारणसभा (अधिवेशन)बाट आगामि ३ बर्षको लागि अनुमोदन गर्ने, २०८१ असार मसान्त सम्मको आय ब्यय हिसाब अधिवेशनबाट पारित गर्ने गराउनेका साथै सदस्यको विवरण, आर्थिक विवरण, साधारण सभाको निर्णय प्रतिलिपि, कार्य समितिको (केन्द्रीय प्रतिनिधि सहित) टेलिफोन सहितको नाम नामेसी विवरण, २०८०/०८१ को मुख्य मुख्य कामको प्रगति प्रतिवेदन समेत जिल्ला समिति मार्फत र जिल्ला समिति नभए सिधै केन्द्रबाट खटि आउने टोलीलाई उपलब्ध गराउनु हुनेछ । संस्थागत सदस्य संस्थाले समेत उपरोक्तानुसार गरि आर्थिक विवरण बाहेक अन्य विवरणहरु पठाउनु हुनेछ । यस कार्यमा जिल्ला समितिले संयोजन गर्नु हुनेछ ।

अतः केन्द्रीय साधारणसभा (केन्द्रीय महाधिवेशन) सेवा समितिको विधान तथा नियमावली बमोजिम अगामि २०८१ असोज १२-१३ गते श्री नवतनधामको सभाहलमा हुने निर्णय भएको हुदा त्यस जिल्ला मन्दिर/सत्संग इकाइ सदस्य संस्था तथा सो का इकाई समेतबाट अध्यक्ष र केन्द्रीय प्रतिनिधिज्यूहरु २०८१ असोज १२ गते विहान ८.०० बजे महाधिवेशनमा भाग लिन काठमाण्डौ आउनु हुन विधानको दफा १३(७) को प्रयोजनका लागि समेत यसै पत्रबाट हार्दिक निमन्त्रणा अनुरोध गर्दछु । प्रणाम ।

**बोधार्थ तथा कार्यार्थ** :
श्री संयोजकज्यु एबम् प्रदेश स्तरीय केन्द्रीय कार्यटोली सबै,
श्रीकृष्ण प्रणामी सेवा समिति नेपालः उपरोक्त ब्यहोरा जानकारी एबम् कार्यान्वयनको लागि अनुरोध गर्दछु । प्रणाम ।

........................
(नवराज कोइराला)
महासचिव